# Sampada

## Heritage for Prosperity

**Project management workshop for cultural protection**

**21-23 January 2026 | Kathmandu, Nepal**



# बारम्बार सोधिने प्रश्नहरू

## सम्पदा: सांस्कृतिक संरक्षणका लागि परियोजना व्यवस्थापन कार्यशाला

# यो दस्तावेज कसरी प्रयोग गर्ने?

- खुला आव्हान (Open Call) सम्बन्धी तपाईंका जिज्ञासाहरूका उत्तरहरू यसमा समावेश छन्।
- आवेदन प्रक्रियाका अतिरिक्त विवरणहरू तथा अन्य सम्बन्धित जानकारीहरू प्रदान गरिएको छ।
- यस दस्तावेजको नेपाली तथा अंग्रेजी दुवै भाषामा उपलब्धता छ।
- यो दस्तावेज तपाईंले पूर्ण र सशक्त आवेदन पेश गर्न आवश्यक सम्पूर्ण प्रक्रियागत विवरणहरू उपलब्ध गराउने उद्देश्यले तयार गरिएको हो।

# कल्चरल प्रोटेक्सन फण्ड (CPF) भनेको के हो?

- ब्रिटिश काउन्सिलद्वारा सञ्चालित र UKको Department for Culture, Media and Sports द्वारा लगानी गरिएको विश्वव्यापी कार्यक्रम हो।
- हाल यसले दक्षिण एशियाका पाकिस्तान, बंगलादेश र नेपालसहित २० भन्दा बढी मुलुकमा सांस्कृतिक संरक्षणका कार्यक्रमहरूलाई सहयोग गरिरहेको छ।
- नेपालमा यसको सुरुवात सन् २०२२–२३ मा गरिएको प्रारम्भिक अध्ययनबाट भएको हो। त्यसपछि क्षमतावृद्धि र अनुदानमार्फत परियोजनाहरू अघि बढाइएका छन्।
- अन्य मुलुकहरूमा जस्तै, CPF को मुख्य उद्देश्य सांस्कृतिक सम्पदाको संरक्षण गर्नु हो, जसले नेपालको दिगो विकासमा योगदान पुर्‍याउन सकोस्।

# सांस्कृतिक सम्पदा भन्नाले के बुझिन्छ?

- CPF ले दृश्य (tangible) र अदृश्य (intangible) सम्पदा दुवै समेट्छ।
- साहित्य, संगीत, वास्तुकला, डिजाइन, पोशाक, दृश्य–श्रव्य सामग्री, कला, हस्तकला र अन्य सांस्कृतिक स्वरूपहरू यसमा पर्छन्।
- CPF ले सांस्कृतिक सम्पदालाई दिगो विकासमा मुख्य योगदानकर्ता मान्छ, विशेषगरी ती मुलुकमा जहाँ संघर्ष, जलवायु परिवर्तन र अन्य जोखिमका कारण सम्पदा संकटमा छ।

# नेपालमा सांस्कृतिक सम्पदा भन्नाले के बुझिन्छ?

- नीतिगत रूपमा केही परिभाषा छन् तर एकीकृत दृष्टिकोण अझै विकसित हुँदैछ।
- सम्पदा समुदाय, पहिचान, भाषा, धर्म र भूगोलसँग जोडिएको छ।
- कयौं सम्पदाहरू वञ्चित समुदाय वा सीमित भूगोलमा सिमित छन् भने नयाँ सम्पदा अझै पहिचान भइरहेका छन्,

# कार्यशालाले के प्रदान गर्दछ?

- काठमाडौंमा तीन दिनको प्रत्यक्ष कार्यशाला।
- परियोजना व्यवस्थापन र दिगोपन सुनिश्चित गर्ने सीप विकास सत्रहरू।
- बाह्य वक्ताहरूबाट सम्पदा सम्बन्धी केस स्टडी प्रस्तुति
- सम्पदा/संस्कृति क्षेत्रमा कार्यरत सहभागीहरूसँग नेटवर्क र सहकार्यको अवसर।
- नेपाली अनुवाद र राष्ट्रिय सांकेतिक भाषा सहित कार्यशाला अंग्रेजी भाषामा सञ्चालन हुने छ।
- स्थल ह्विलचेयर पहुँचयोग्य हुनेछ र बाह्य सहभागीका लागि आवासीय सुविधाको पनि व्यवस्था रहने छ ।

# यो कार्यशाला किन आवश्यक छ?

- सम्पदा क्षेत्र जटिल र प्रायः काठमाडौं केन्द्रित छ र संरक्षणसँगै आर्थिक प्रयोग र पुस्तान्तरण आवश्यक छ।
- सम्पदाको दीर्घकालीन संरक्षण, आर्थिक रूपान्तरण, तथा पुस्तान्तरणका लागि सुदृढ संरचना आवश्यक छ।
- हालैका नीतिगत विकास र संवादहरूले सम्पदा क्षेत्रलाई नयाँ ढङ्गले विकास गर्ने प्रयास गरिरहेका छन्। सन् २०२६ मा नेपाल निम्न आय भएका देशको श्रेणीबाट माथि उठ्दा अन्तर्राष्ट्रिय वित्तीय सहयोगमा ठूलो असर पर्नेछ।
- विश्वव्यापी प्रतिस्पर्धा, प्रमाण–आधारित कामको विकास, र सांस्कृतिक संरक्षणसँग सम्बन्धित भविष्यका अवसरहरूको तयारीका लागि बलियो परियोजना व्यवस्थापन क्षमता आवश्यक छ।
- ज्ञान सृजना, आपसी सम्बन्ध मजबुत बनाउने, र सांस्कृतिक कार्यमा साझा उद्देश्य प्रवर्द्धनले नेपाललाई प्रतिस्पर्धात्मक र रणनीतिक अभ्यास समुदायको रूपमा विकास गर्न मद्दत पुऱ्याउन सक्छ।

# कसले आवेदन दिन सक्छन्?

- उमेर १८ वर्ष वा माथि भएका सबै नेपाली नागरिक
- सांस्कृतिक सम्पदामा कार्यरत वा यस क्षेत्रमा काम गर्ने योजना भएको व्यक्ति।
- व्यावसायिक अनुभव नभए पनि समुदायमा नेतृत्व गरेका वा सम्बन्धित अनुभव भएका आवेदकहरूलाई प्रोत्साहन गरिनेछ।
- संस्थाहरूले आवेदन दिन सक्छन्, तर एक प्रतिनिधि मात्र सहभागी हुन पाउनेछन्।
- आवेदन अंग्रेजी, नेपाली वा राष्ट्रिय सांकेतिक मार्फत दिन सकिन्छ।
- अधिकतम ३० आवेदकहरू सहभागी हुन पाउनेछन्, जसमा १५ जना काठमाडौं उपत्यकाबाहिरका हुनेछन्।

# कार्यशालामा सहभागी हुन खर्च पर्छ?

- यो कार्यक्रम निःशुल्क हो र सहभागिता प्रतिस्पर्धात्मक आधारमा हुनेछ।
- यात्रा गर्ने सहभागीहरूले कार्यशालाको स्थलमै बसोबासको र खानपानको व्यवस्था पाउनेछन्।
- सहभागीहरूको स्थानबाट काठमाडौंसम्मको यात्रा खर्च पूर्ति गरिनेछ र कार्यशालाका दिनहरू (कुल ४ दिन) का सामान्य आवश्यकताहरू पूरा गर्न सानो भत्ता प्रदान गरिनेछ।
- लेखन सामग्री (स्टेशनरी) उपलब्ध गराइनेछ।
- यदि आवेदन प्रक्रियामा पहुँच (Accessibility) सम्बन्धी सहयोग आवश्यक छ भने, अनुरोधमा यसलाई व्यवस्था गर्न सकिन्छ। कृपया आफ्नो अनुरोध दर्ता गर्न **sampada.workshop@gmail.com** मा इमेल गर्नुहोस्, र थप निर्देशनका लागि हामी तपाईंलाई सम्पर्क गर्नेछौँ।

# कसरी आवेदन दिने?

- अनलाइन फारम खुला आव्हान पृष्ठमा उपलब्ध छ।
- आवेदन अंग्रेजी, नेपाली वा राष्ट्रिय सांकेतिक भाषा (भिडियो) मार्फत दिन सकिन्छ।
- फाराम डाउनलोड गरेर तयारी गरी अनलाइन वा ईमेलमार्फत पठाउन सकिन्छ।
- वैकल्पिक रूपमा, फाराममा समावेश सबै प्रश्नहरूको उत्तर ५ मिनेटसम्मको अडियो वा भिडियो मार्फत पनि दिन सकिन्छ ।
- फाराममा समावेश सबै प्रश्नहरूको उत्तर दिनुपर्नेछ।
- अधिकतम २ सहायक कागजात/सामग्रीहरू पठाउन सकिन्छ (वैकल्पिक)।
- **आव्हान गर्ने अन्तिम मिति: ९ पुष २०८२ (२४ डिसेम्बर २०२५, राति ११:५९ NPT)**

# आवेदन कसरी मूल्यांकन हुन्छ?

- प्रत्येक आवेदनको मूल्याङ्कन सम्बन्धित क्षेत्रका विज्ञहरूको प्यानलले गर्नेछ।
- मूल्याङ्कन क्रमिक आधारमा (rolling basis) हुनेछ, त्यसैले अन्तिम मितिको प्रतिक्षा नगरी चाँडै आवेदन दिन सुझाव दिइन्छ।
- प्रासंगिकता: आवेदनकर्ताले सम्बन्धित कार्यमा ट्र्याक रेकर्ड देखाउन सक्नुपर्छ, ३–५ वर्षको अनुभव आवश्यक छ। सहभागीको आधारभूत स्थान र लिङ्गलाई समावेश सुनिश्चित गर्न विचार गरिनेछ। आवेदक नेपालमा आधारित र कार्यरत हुनुपर्छ।
- फाराममा प्रस्तुत निबन्धमा तार्किक सोच, नेतृत्व र सिर्जनात्मक क्षमता विचार गरिनेछ।
- केही आवेदकसँग भर्चुअल अन्तर्वार्ता मागिन सक्छ। फाराममा सम्पर्क विवरण दिन अनुरोध गरिनेछ।
- सफल आवेदकलाई **१७ पुष २०८२ (३१ डिसेम्बर २०२५)** भित्र सूचित गरिनेछ।
- छनोट भएमा १०० शब्दको जीवनी र पोर्ट्रेट तस्वीर **२२ पुष २०८२ (५ जनवरी २०२६)** भित्र उपलब्ध गराउनुपर्नेछ।

# कार्यशाला कहिले र कसरी सञ्चालन हुन्छ?

- **२५ माघ २०८२ (९ जनवरी २०२६):** पूर्व–अभिमुखीकरण (Online orientation)
- **३१ माघ २०८२ (१५ जनवरी २०२६):** सहभागीसूची र कार्यक्रम पुस्तिका पठाइने
- **५ फागुन २०८२ (२० जनवरी २०२६):** स्वागत कार्यक्रम
- **६–८ फागुन २०८२ (२१–२३ जनवरी २०२६):** पूर्ण दिन सत्र (मुख्य कार्यक्रम)
- **८ फागुन २०८२ साँझ (२३ जनवरी २०२६):** समापन तथा नेटवर्किङ कार्यक्रम

# यदि तपाईंको प्रश्नको जवाफ यहाँ समावेश छैन भने

- हामीलाई **sampada.workshop@gmail.com** मा ईमेल गर्नुहोस्।
- कृपया जवाफ पाउन **कम्तीमा २४ घण्टा** दिनुहोस्।
- स्पष्टीकरणका प्रश्नहरू **५ पौष २०८२** (२० डिसेम्बर २०२६) सम्म स्वीकार गरिनेछ।